# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०३।२७ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

शिक्षा विकास तथा समन्वय इकाइ सल्यानमा कार्यरत इकाइ प्रमुख (शाखा अधिकृत)धनबहादुर ओलीले शिक्षक सरूवा प्रक्रिया सहजीकरणको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटिई गएको टोलीले निज इकाइ प्रमुख (शाखा अधिकृत) धनबहादुर ओलीलाई सेवाग्राहीसँग रू.२५,०००।—(अक्षरुपीपच्चीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज धनबहादुर ओलीले नियमानुसार सरूवा गरिदिनु पर्नेमा सो नगरी आफ्नो जिम्मेवारी र पदीय दायित्वसमेतको ख्याल नगरी बदि्नयतपूर्वक काममा ढिलासुस्ती गरी विभिन्न बहानामा सेवाग्राहीलाई वाध्य पारी सो वापत रू.२५,०००।— (अक्षरुपी पच्चीस हजार) लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको देखिंदा बिगो रू.२५,०००।—(अक्षरुपी पच्चीस हजार) कायम गरी निज धनबहादुर ओलीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता